# प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रशासकीय अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रशासकीय अदालत ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठन भएको प्रशासकीय अदालत सम्झनु पर्छ र सो शब्दले सोही दफाको उपदफा (३) बमोजिमको प्रशासकीय इजलासलाई समेत जनाउँछ ।

(ख) "अध्यक्ष" भन्नाले अदालतको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले नेपाल सरकारको निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, नेपाल संघीय संसद सेवा वा सार्वजनिक संस्थाको सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले देहायका व्यक्तिलाई समेत जनाउँछ :-

(१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक,

(२) प्रदेश कानून बमोजिम गठन हुने प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा वा प्रदेश सरकारको पचास प्रतिशतभन्दा बढी स्वामित्व हुने संस्थाको सेवामा रहेको कर्मचारी,

(३) स्थानीय तहका कर्मचारी ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले अदालतको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(च) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्छ :-

(१) पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा नेपाल सरकारबाट नियमित रुपमा अनुदान प्राप्त विद्यालय र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) प्रचलित संघीय कानून बमोजिम गठन भएको नियमनकारी निकाय,

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।

३. **अदालतको गठनः** (१) दफा ७ बमोजिमको मुद्दा तथा विषयमा पुनरावेदन सुन्नको लागि नेपाल सरकारले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको प्रशासकीय अदालत गठन गर्नेछ :-

(क) उच्च अदालतको मुख्य न्यायाधीश भइरहेका वा हुने योग्यता पुगेका वा नेपाल न्याय सेवाका विशिष्ट श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका व्यक्तिहरुमध्येबाट न्याय परिषद्को परामर्शमा नेपाल सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको पदबाट कम्तीमा तीन वर्ष सेवा गरी निवृत्त वा कानूनमा स्नातकोपाधि प्राप्त गरी कानून वा न्यायको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना -सदस्य

(ग) निजामती सेवाको विशिष्ट श्रेणीको पदमा कम्तीमा तीन वर्ष सेवा गरी निवृत्त वा कुनै विषयमा स्नातकोपाधि प्राप्त गरी सार्वजनिक प्रशासनको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना -सदस्य

(२) उपदफा (१) बमोजिम गठन भएको अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र सो अदालतको प्रादेशिक क्षेत्राधिकार न्याय परिषद्को परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको प्रादेशिक क्षेत्राधिकार बाहेकको ठाउँमा दफा ७ बमोजिमका मुद्दा तथा विषयको पुनरावेदन सुन्नको लागि न्याय परिषद्को परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उच्च अदालतमा देहाय बमोजिमको प्रशासकीय इजलास गठन गर्न सक्नेछ :–

(क) न्याय परिषद्को परामर्शमा प्रधान न्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीश -अध्यक्ष

(ख) न्याय परिषद्को परामर्शमा प्रधान न्यायाधीशले तोकेको सम्बन्धित उच्च अदालतको अर्को एकजना न्यायाधीश -सदस्य

(ग) उपदफा (१) को खण्ड (ग) मा उल्लिखित योग्यता पुगेको व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना -सदस्य

(४) उपदफा (३) बमोजिम गठित प्रशासकीय इजलासको क्षेत्राधिकार सोही उपदफा बमोजिमको सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्तिलाई सदस्यको पदमा दुईपटक भन्दा बढी अवधिको लागि नियुक्ति गरिने छैन ।

४. **अध्यक्ष तथा सदस्यको पदावधि :** यस ऐन बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पदावधि दफा ५ को अधीनमा रही पाँच वर्षको हुनेछ ।

५. **पदमा नरहने अवस्था:** (१) यस ऐन बमोजिम नियुक्त अध्यक्ष तथा सदस्य देहायका अवस्थामा आफ्नो पदमा बहाल रहने छैन :-

(क) दफा ४ बमोजिम निजको पदावधि समाप्त भएमा,

(ख) निजले आफ्नो पदबाट दिएको राजीनामा नेपाल सरकारबाट स्वीकृत भएमा,

(ग) खराब आचरण, कार्य क्षमताको अभाव वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको आधारमा नेपाल सरकारले निजलाई पदमुक्त गरेमा,

(घ) निजको उमेर त्रिसट्ठी वर्ष पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा ।

(२) यस ऐन बमोजिम नियुक्त अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि नेपाल सरकारले निजलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उच्च अदालतको बहालवाला न्यायाधीश अदालतको सदस्य तोकिएको अवस्थामा निज जुनसुकै व्यहोराले उच्च अदालतको न्यायाधीश पदबाट अवकाश प्राप्त गरेतापनि यस ऐन बमोजिम गठित अदालतबाट स्वतः अवकाश प्राप्त गरेको मानिनेछ । यसरी अवकाश प्राप्त न्यायाधीशले पाउने सुविधा निजको सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

६. **पारिश्रमिक, सेवाका शर्त र सुविधा:** यस ऐन बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त क्रमशः उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सरह हुनेछ ।

७. **अदालतको अधिकार क्षेत्र:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतलाई देहायका मुद्दा वा विषयमा भएको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछ :-

(क) प्रचलित कानून बमोजिम कर्मचारीलाई दिइएको विभागीय सजाय,

(ख) कर्मचारीको बढुवा,

(ग) कर्मचारीको सरुवा ।

(२) उपदफा (१) को खण्ड (क) वा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनमा कुनै कर्मचारीलाई दिइएको विभागीय सजाय वा बढुवाको सम्बन्धमा कुनै निकाय वा पदाधिकारी समक्ष उजूरी वा पुनरावेदन लाग्ने रहेछ भने त्यस्तो निकाय वा पदाधिकारीले सो विषयमा निर्णय गरेपछि मात्र सो निर्णय उपर अदालतमा पुनरावेदन लाग्नेछ ।

८. **अदालतको अधिकार क्षेत्रको प्रयोग:** (१) अदालतको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रुपमा गर्नेछन् ।

तर एक जना सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र अध्यक्ष सहित दुई जना सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

(२) तीनजना सदस्य उपस्थित भएको इजलासमा तीनै जना सदस्यको एक मत वा दुईजना सदस्यको बहुमत कायम भए सो मत अदालतको निर्णय मानिनेछ ।

(३) दुईजना सदस्य उपस्थित भएको इजलासमा एक मत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलास भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहेको सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(४) उपदफा (३) बमोजिम पहिला अनुपस्थित रहेको सदस्य समक्ष पेश गर्दा पनि फरक फरक राय हुन गएमा अध्यक्षको राय नै अदालतको निर्णय हुनेछ ।

९. **अदालतको अधिकार:** अदालतलाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) सम्बन्धित निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेशलाई सदर, बदर वा आंशिक बदर गर्ने,

(ख) सम्बन्धित निकाय वा अधिकारीले कुनै प्रमाण बुझ्न छुटाएको रहेछ भने सो प्रमाण बुझ्न वा मुद्दाको लगत कायमै राखी त्यस्तो प्रमाण बुझ्नको लागि मिसिल सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने,

(ग) सम्बन्धित पक्षसँग केही कुरा बुझ्नु पर्ने देखिएमा सो पक्ष झिकाई बुझ्ने र सम्बन्धित कागजपत्र दाखिल गर्न लगाउने ।

१०. **मिसिल, लिखत वा जवाफ पठाउनु पर्ने** : (१) अदालतले मुद्दामा प्रमाणको निमित्त आवश्यक पर्ने कुनै मिसिल, लिखत वा अन्य कुनै कुरा पेश गर्न कुनै निकाय वा अधिकारीलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जवाफ माग गरेमा सम्बन्धित निकाय वा अधिकारीले अदालतले तोकेको समयभित्र सो आदेशको पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतले दिएको आदेशको पालना नगरेको कारणबाट मुद्दाको कारबाही वा किनारा गर्न बाधा परेमा, कुनै पक्षलाई अनावश्यक हैरानी भएमा वा निजको हकमा प्रतिकूल असर परेमा अदालतले सम्बन्धित निकायको प्रमुख वा अधिकारीलाई पटकै पिच्छे एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

तर त्यस्तो सजाय पाएको कुनै निकायको प्रमुख वा अधिकारीले अदालतको आदेश पालना गर्न नसकेको मनासिव कारण सहित सो जरिबाना हुन नपर्ने सम्बन्धमा अदालतलाई निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा जाँचबुझ गर्दा मनासिव देखिएमा अदालतले सो जरिबानाको रकम कम गर्न वा जरिवाना गर्ने गरी भएको त्यस्तो आदेश रद्द गर्न सक्नेछ ।

११. **पुनरावेदन गर्ने**: (१) पुनरावेदकले जुन निकाय वा अधिकारीको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन दिने हो सो निकाय वा अधिकारी मार्फत वा सोझै अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदकले कुनै निकाय मार्फत पुनरावेदन गरेकोमा सो निकायले त्यस्तो पुनरावेदन र सो पुनरावेदनसँग सम्बन्धित मिसिल सात दिनभित्र सम्बन्धित अदालतमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा रीत पुगेको तथा स्पष्ट आधार र पर्याप्त प्रमाण रहेको देखिएमा अदालतको रजिष्ट्रारले त्यस्तो पुनरावेदन दर्ता गर्न सक्नेछ । रीत नपुगेको, स्पष्ट आधार र पर्याप्त प्रमाण नभएको वा म्याद नाघेको देखिएमा सोही ब्यहोरा खुलाई दरपीठ गर्नु पर्नेछ ।

(४) पुनरावेदन गर्दा रीत पुऱ्याउनु पर्ने कुरा, पुनरावेदन वापत लाग्ने दस्तुर तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरुवा सम्बन्धमा अदालतमा पुनरावेदन गर्ने कर्मचारीले अदालतबाट अन्तिम फैसला नहुँदासम्म प्रचलित कानून बमोजिमको म्यादभित्र सरुवा भएको कार्यालयमा हाजिर भई नियमित रुपमा काम काज गर्नु पर्नेछ ।

१२. **पुनरावेदन गर्ने म्याद :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम अदालतमा पुनरावेदन गर्दा त्यस्तो निर्णय वा अन्तिम आदेशको सूचना वा जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्नु पर्नेछ ।

तर सम्बन्धित पक्षले काबू बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रिएको कारण देखाई निवेदन दिएमा र सो ब्यहोरा जाँचबुझ गर्दा मनासिव देखिएमा अदालतले तीस दिनसम्मको म्याद थामिदिन सक्नेछ ।

१३. **पुनरावेदन खारेज नहुने**: सर्वोच्च अदालत वा अदालतमा परेको पुनरावेदनको टुङ्गो नलाग्दै पुनरावेदन दिने व्यक्ति सेवाबाट अवकाश भएमा वा निजको मृत्यु भएमा अदालतले सो पुनरावेदन खारेज नगरी अन्तिम किनारा गर्नु पर्नेछ ।

१४. **निर्णय गर्नु पर्ने अवधि**: सर्वोच्च अदालत वा अदालतले आफू समक्ष पुनरावेदन परेको एक वर्षभित्र त्यस्तो मुद्दामा निर्णय गरी सक्नु पर्नेछ ।

१५. **अदालतको निर्णय अन्तिम हुने :** अदालतको निर्णय अन्तिम हुनेछ र दफा १६ बमोजिम अनुमति प्राप्त गरेको अवस्थामा बाहेक त्यस उपर पुनरावेदन लाग्ने छैन ।

१६. **पुनरावेदन गर्न अनुमति दिन सक्ने :** (१) दफा १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अदालतले गरेको निर्णय वा अन्तिम आदेश उपर सर्वोच्च अदालतले पुनरावेदन गर्न अनुमति दिन सक्नेछ :-

(क) अदालतको निर्णय वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटी भएको,

(ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको ।

(२) सम्बन्धित पक्षले अदालतबाट मुद्दामा निर्णय वा अन्तिम आदेश भएको थाहा पाएको मितिले पैंतीस दिनभित्र अदालत मार्फत वा सिधै सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमतिको लागि निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइने निवेदनसाथ तोकिए बमोजिमका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ ।

१७. **निर्णय वा आदेश पालना गर्नु पर्ने :** अदालतबाट भएका निर्णय वा अन्तिम आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१८ **हाजिर नभए नोकरी नथामिने:** (१) सर्वोच्च अदालत वा अदालतको फैसलाबाट नोकरीमा पुनः स्थापित भएको कर्मचारी फैसलाको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आफ्नो कार्यालयमा हाजिर हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कार्यालयमा हाजिर नहुने कर्मचारीको नोकरी थामिने छैन ।

१९. **अदालतको अवहेलनामा कारबाही चलाउने :** (१) अदालतले आफ्नो न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा निर्णय वा अन्तिम आदेशको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही चलाउँदा अदालतको अवहेलना गरेको ठहरेमा अदालतले कसूरदारलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ ।

(३) अदालतको अवहेलनामा कारबाही चलाइएको व्यक्तिले मुद्दाको फैसला नहुँदै जुनसुकै अवस्थामा अदालत समक्ष क्षमा माग्न सक्नेछ । त्यसरी क्षमा मागेको कुरामा अदालत सन्तुष्ट भएमा त्यस्तो मुद्दाको कारबाही तामेलीमा राख्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको अवहेलनामा सजाय पाएको व्यक्तिले अदालत सन्तुष्ट हुने गरी क्षमा मागेमा अदालतले त्यस्तो सजाय कार्यान्वयन नगर्न, घटाउन, परिवर्तन गर्न वा शर्त तोकी त्यस्तो शर्त पूरा गरेमा सजाय कार्यान्वयन नगर्ने आदेश गर्न सक्नेछ ।

२०. **रजिष्ट्रार सम्बन्धी व्यवस्था:** (१) दफा ३ को उपदफा (१) बमोजिम गठित अदालतको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको एकजना रजिष्ट्रार रहनेछ ।

(२) रजिष्ट्रारले अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही काम गर्नेछ ।

(३) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. **कर्मचारी सम्बन्धी व्यवस्था**: अदालतलाई आवश्यक पर्ने अन्य कर्मचारीहरु नेपाल सरकारले उपलब्ध गराउनेछ ।

२२. **शपथ ग्रहण:** आफ्नो कार्यभार सम्हाल्नु अघि यस ऐन बमोजिम नियुक्त अध्यक्षले सर्वोच्च अदालतको प्रधान न्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

२३. **मुद्दा सर्ने:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत निजामती सेवा ऐन, २०४९ बमोजिम गठित प्रशासकीय अदालतमा दायर भई छिन्न बाँकी रहेका मुद्दाहरु यस ऐन बमोजिम गठित अदालतमा सर्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने मुद्दा यो ऐन प्रारम्भ हुँदाका बखत कुनै निकाय वा अधिकारी समक्ष दायर भई कारबाही चलिरहेको रहेछ भने त्यस्तो मुद्दा सोही निकाय वा अधिकारीबाट अन्तिम किनारा लगाउनु पर्नेछ ।

२४. **नेपाल सरकारसँग सम्पर्क:** अदालतले नेपाल सरकारसँग सर्म्पक राख्दा कानून तथा न्याय सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले सर्वोच्च अदालतसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

२६. **संशोधन, खारेजी तथा बचाउ:** (१) यो ऐन प्रारम्भ भए पछि अदालतको क्षेत्राधिकार रहेको विषयमा सार्वजनिक संस्थाका कर्मचारीको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको कुनै कर्मचारीलाई दिइएको विभागीय सजाय वा बढुवाको निर्णय उपर कुनै निकाय वा पदाधिकारी समक्ष उजूरी वा पुनरावेदन लाग्ने रहेछ भने त्यस्तो निकाय वा पदाधिकारीले निर्णय गरेपछि सो निर्णय उपर अदालतमा पुनरावेदन लाग्ने गरी त्यस्ता कानूनमा स्वतः संशोधन भएको मानिनेछ ।

(२) देहायका ऐनमा देहाय बमोजिम खारेजी वा संशोधन गरिएकोछ :-

(क) निजामती सेवा ऐन, २०४९ को दफा ६९ खारेज गरिएको छ ।

(ख) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७६ को उपदफा (१) मा रहेका "निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) बमोजिम गठन भएको प्रशासकीय अदालतमा" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम गठन भएको प्रशासकीय अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ९१ को उपदफा (१) मा रहेका "निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) बमोजिम गठन भएको प्रशासकीय अदालत" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम गठन भएको प्रशासकीय अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत निजामती सेवा ऐन, २०४९ बमोजिम गठित प्रशासकीय अदालतबाट भए गरेका काम कारबाही यसै अदालतबाट भए गरे सरह मानिनेछ ।

## अनुसूची

## (दफा २२ सँग सम्बन्धित)

## शपथ ग्रहण

म..........................................मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण बफादार रही प्रशासकीय अदालतको अध्यक्ष/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानून पालना गर्दा बाहेक म पदमा वहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः.. ... ... ...

नामः.. ... ... ...

दस्तखतः..... .